# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित

## खण्ड (३) चितवन, बैशाख २८, २०७७ साल अंक १७

### भाग ३

**खैरहनी नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**संवत् २०७६ को नियमावली नं. १७**

**खैरहनी नगरपालिकाको साझेदारीमा दुग्धजन्य उद्योगको स्थापना कार्यविधि, २०७७**

**प्रस्तावना :** कार्यपालिकाबाट जारी मिति २०७७/०१/२६

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा नगरपालिकाले स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि, स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन तथा विकास गर्न सक्ने व्यवस्था गरिएकोछ । यस खैरहनी नगरपालिका क्षेत्रभित्र विभिन्न दुग्ध उत्पादक सहकारी संस्थाहरु स्थापना भएको, नगरपालिका क्षेत्रमा र आसपासका क्षेत्रमा ठूलो परिमाणमा दुध उत्पादन हुने गरेकोले त्यसरी संकलन हुने दुधलाई प्रशोधन गरी स्वच्छ, स्वस्थ एवम् गुणस्तरीय दुध तथा दुग्धजन्य परिकार उत्पादन गरी उपभोक्ता समक्ष पुर्‍याउने उद्धेश्यले दुग्ध उत्पादक सहकारी संस्थासंगको लागत साझेदारीमा उद्योग स्थापना तथा सञ्चालन गर्न

खैरहनी नगर कार्यपालिकाबाट स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १०२ को उपदफा (२) बमोजिम यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम ‘‘खैरहनी नगरपालिकाको साझेदारीमा दुग्धजन्य उद्योगको  स्थापना कार्यविधि- २०७७” रहेको छ ।

(२) यो कार्यविधि खैरहनी नगरपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि आरम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “नगरसभा” भन्नाले संविधानको धारा २२३ बमोजिम गठीत खैरहनी नगरसभा सम्झनु पर्दछ ।

(ख) ‘‘नगरपालिका’’ भन्नाले खैरहनी नगरपालिका सम्झनु पर्छ ।

(ग) ‘‘कार्यपालिका’’ भन्नाले खैरहनी नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) ‘‘कार्यालय’’ भन्नाले खैरहनी नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ङ) ‘‘कार्यक्रम’’ भन्नाले खैरहनी नगरपालिकाको दुग्धजन्य उद्योग स्थापना सम्बन्धी स्वीकृत बार्षिक कार्यक्रम सम्झनु पर्छ ।

(च) ‘‘मूल्याङ्कन तथा सिफारिश समिति’’ भन्नाले यसै कार्यविधिको दफा ६ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(छ) “प्रस्तावदाता” भन्नाले यस कार्यविधि बमोजिम नगरपालिकाले प्रकाशित गरेको सूचना बमोजिम प्रस्ताव पेश गर्ने दुग्ध उत्पादक सहकारी संस्था सम्झनु पर्छ ।

(ज) ‘‘साझेदार संस्था’’ भन्नाले कार्यविधिको दफा ६ बमोजिम गठित मूल्याङ्कन तथा सिफारिश समितिले छनौटको लागि सिफारिश गरी नगर कार्यपालिकाले छनौट गरेको दुग्ध उत्पादक सहकारी संस्था सम्झनु पर्छ ।

(झ) “शेयर सदस्य” भन्नाले साझेदार संस्थाले सञ्चालन गर्ने परियोजनाको शेयर सदस्य भएको यस नगरपालिका क्षेत्रभित्र सञ्चालित दुग्ध उत्पादक सहकारी संस्थाहरु सम्झनु पर्छ ।

**३. उद्धेश्य :** यस कार्यविधिको उद्धेश्य देहाय बमोजिम हुनेछ :

(क) दूध तथा दुग्धजन्य पदार्थको गुणस्तर कायम राख्ने ।

(ख) पशुजन्य पदार्थमा आत्म निर्भर गराई निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

(ग) कृषकहरुलाई व्यवसायीक बन्न उत्प्रेरीत गरी आर्थिक लाभ उपलब्ध गराउने ।

(घ) उत्पादित दुधबाट नगर क्षेत्रमै दूधजन्य पदार्थ निर्माण तथा बिक्री गरी मिल्क होलीडेको अवस्था आउन नदिने ।

## परिच्छेद-२
## प्रस्ताव माग गर्ने तथा संस्थागत व्यवस्था

**४. प्रस्ताव माग गर्न सक्ने : (१)** नगरपालिकाले नगरपालिका क्षेत्रभित्र सञ्चालीत दुग्ध उत्पादक सहकारी संस्थाहरुसंग नगरपालिकाको समेत सह लगानीमा दुधलाई प्रशोधन गर्ने उद्योग सञ्चालनमा प्रोत्साहित गर्ने उद्देश्यले निश्चित अवधि तोकि प्रस्ताव पेश गर्न सार्वजनिक सूचना प्रकाशन गरी परियोजना प्रस्ताव माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित गर्दा स्थानीय स्तरका दैनिक पत्रिका, नगर कार्यपालिकाको कार्यालयको वेभसाईड, फेसबुक आदिबाट सूचना प्रकाशित गर्नु पर्नेछ ।

(३) सूचना प्रकाशित गर्दा बढी भन्दा बढी सहकारी संस्थाको सहभागीता हुने वातावरणको सृजना गर्नु पर्नेछ ।

(४) सूचना प्रकाशित गर्दा प्रस्तावदाता सहकारी संस्थाले निश्चित शुल्क दाखिला गर्ने व्यवस्था गर्नुको साथै नगरपालिकामा दर्ता भएको र नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने कुनै रकम बाँकी नरहेको शर्त राख्न सकिनेछ ।

**५. प्रस्ताव दर्ता :** (१) दफा ४ बमोजिमको समय अवधी भित्र साझेदारी गर्न इच्छुक संस्थाले सम्बन्धित निकायले दिएको सिफारिस-पत्र, अनुसूची-३ बमोजिम लागत साझेदारी गर्ने प्रतिबद्धता-पत्र, अनुसूची-४ बमोजिम कार्ययोजना तयार गरी नगर कार्यपालिकाको कार्यालय, पशु सेवा शाखामा अनुसूची-२ बमोजिम आवेदन-पत्र दर्ता गराउनु पर्नेछ ।
(२) दर्ता भएका आवेदनहरु संकलन गरी पशुसेवा शाखाले यथाशिघ्र दफा ६ बमोजिमको समितिमा पठाउनु पर्नेछ ।

**६. मूल्याङ्कन समिति :** (१) दफा ५ बमोजिम दर्ता भएका प्रस्ताव मूल्याङ्कन गरी स्वीकृती (छनौट)का लागि सिफारिस गर्न नगरपालिकामा देहाय बमोजिमको एक प्रस्ताव मूल्याङ्कन तथा सिफारिश समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | आर्थिक विकास समितिको संयोजक | – संयोजक |
| (ख) | आर्थिक विकास समितिले तोकेको समिति सदस्य | – सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| (घ) | आर्थिक प्रशासन शाखा प्रमुख | – सदस्य |
| (ङ) | नगरपालिकाको पशुसेवा शाखा प्रमुख | – सदस्य सचिव |

(२) समितिको बैठकमा आवश्यकता अनुसार विज्ञ कर्मचारी वा व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।
(३) उपदफा (१) बमोजिम गठित मूल्याङ्कन तथा सिफारिश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
(क) समितिले दर्ता भएका परियोजना प्रस्तावको मूल्याङ्कनका मापदण्ड तथा आधार तयार गरी स्वीकृत गर्न सक्नेछ । मूल्याङ्कनका मापदण्ड तथा आधार तयार गर्दा अनुसूची - ५ का उल्लेख भएका विषयलाई मुख्य आधार मान्नु पर्नेछ ।
ख) समितिले प्राप्त परियोजना प्रस्तावहरु तोकिएको मापदण्ड तथा आधार बमोजिम मूल्याङ्कन गरी स्वीकृती (छनौट) का लागि नगर कार्यपालिकामा सिफारिश गर्ने ।

## परिच्छेद-३
## संस्थाको छनौट तथा कार्यक्रम सञ्चालन प्रक्रिया

**७. साझेदार संस्थाको छनौट :** दफा ६ बमोजिम गठित मूल्याङ्कन तथा सिफारिश समितिले अनुसूची-५ बमोजिम प्रस्तावदाताको मूल्याङ्कन गरी प्राप्ताङ्कका आधारमा प्राथमिकता क्रम निर्धारण गरी स्वीकृती ( छनौट) का लागि नगर कार्यपालिकामा पेश गर्नेछ । प्रस्तावदाताले प्राप्त गरेको प्राप्ताङ्क र पेश गरेको कार्ययोजनाका आधारमा उपयुक्त साझेदार संस्थाको छनौट कार्यपालिकाले गर्नेछ ।

**८. आवेदकलाई जानकारी दिनु पर्ने :** नगर कार्यपालिकाबाट साझेदार संस्था छनौटको निर्णय भए पछि साझेदार संस्थालाई नगर कार्यपालिकाको कार्यालयले जानकारी दिनु पर्नेछ । साझेदार संस्था छनौटको जानकारी गराउँदा दफा ९ को उपदफा (२) बमोजिमको निर्णय सहीत सम्झौताको लागि उपस्थित हुन जानकारी दिनु पर्नेछ ।

**९. सम्झौता :** (१) दफा ८ बमोजिम जानकारी प्राप्त भएको मितिले ३० दिन भित्र सम्बन्धित साझेदार संस्थाले नगरपालिकासँग **अनुसूची-६** बमोजिम सम्झौता गर्नु पर्नेछ ।
(२) सम्झौता गर्नु भन्दा अगाडि सम्बन्धित साझेदार संस्थाले आफ्नो कार्यसमितिबाट सम्झौता गर्ने निर्णय गरी सो निर्णयको प्रति समेत नगरपालिकामा पेश गर्नु पर्नेछ ।
(३) उपदफा (१) बमोजिमको समय अवधी भित्र सम्झौता गर्न नआएमा क्रमशः दोश्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिनेछ ।

(४) दफा ४ बमोजिम प्रस्ताव आव्हान गर्दा प्रस्ताव नपरेमा वा एक मात्र प्रस्ताव परी सम्झौता गर्न नआएमा नगरपालिकाले पुनः प्रस्ताव आव्हान गर्न सक्नेछ ।

## परिच्छेद-४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

**१०. कार्यक्रम सञ्चालन र प्रतिवेदन पेश गर्ने : (१)** साझेदार संस्थाले यस कार्यविधि बमोजिम नगरपालिकासंग सम्झौता भए पछि दुग्धजन्य उद्योगको स्थापनाको लागि आवश्यक भौतीक संरचना निर्माण, मेशिनरी औजार, उपकरणहरु खरिद प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।
(२) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघ तथा प्रदेशस्तरबाट कार्यान्वयन हुने आयोजनासँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
**(३)** साझेदार संस्थाले प्रत्येक चौमासीकमा सम्पूर्ण कामको प्रगति प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ । आर्थिक वर्षको अन्त्यसम्म भएका सम्पूर्ण कामहरुको प्रगति प्रतिवेदनलाई एकिकृत गरी आर्थिक वर्ष समाप्त भएको मितिले पन्ध्र दिन भित्र नगरपालिकामा पेश गर्नु पर्नेछ ।

**११. रकम भुक्तानी तथा लेखापरीक्षण :** (१) साझेदार संस्थालाई नगरपालिकाले रकम भुक्तानी गर्दा यो कार्यविधि बमोजिम सम्झौता भएको मिति पश्चात खरिद गरिएका मेशिनरी औजार, उपकरण तथा निर्माण कार्यको मात्र भुक्तानी दिनेछ । नगरपालिकासंग सम्झौता हुनु पूर्व सिर्जना भएको साझेदार संस्थाको दायित्व रकम भुक्तानी दिन नगरपालिका बाध्य हुनेछैन ।
(२) साझेदार संस्थालाई नगरपालिकाले रकम भुक्तानी गर्दा सोही आर्थिक वर्षभित्र गरी सक्नु पर्नेछ । एक आर्थिक वर्षको कार्यक्रमको रकम अर्को आर्थिक वर्षमा भुक्तानी गरिनेछैन ।
(३) दुग्ध जन्य उद्योग स्थापना अनुदान रकम प्राप्त गर्ने साझेदार संस्थाले नगरपालिकामा बिल/भर्पाई पेश गर्नु पर्नेछ । बिल/भर्पाईको भुक्तानी गर्दा नगरपालिकाले साझेदार संस्थाको खातामा एकमुष्ठ रकम जम्मा गर्नेछ ।
**(४)** रकम भुक्तानी गर्दा अनुदान रकमको तिन प्रतिशत कन्टेन्जेन्सी स्वरुप राखिने छ । जुन रकम अनूगमन, प्रतिवेदन तयारी, बैठक खर्च तथा अन्य प्रशासनिक कार्यको लागि नगरपालिकाले खर्च गर्नेछ ।
(५) रकम भुक्तानी गर्दा सोही आर्थिक वर्षको लागि नगरसभाले विनियोजिन गरेको बजेटको सिमामा नबढने गरी भुक्तानी गर्नेछ । परियोजना लागतको बाँकी रकम साझेदार संस्थाले आफ्नो आन्तरिक स्रोत तथा शेयर निष्काशनबाट व्यहोर्नु पर्नेछ ।
(६) सम्बन्धित साझेदार संस्थाले यस कार्यक्रमको अलग्गै लेखा, लेखांकन गरी प्रचलित ऐन/नियम अनुसार लेखा परिक्षण गराउनु पर्नेछ ।

**१२. शेयर निष्काशन गर्नु पर्ने :** (१) दफा ४ बमोजिमको सूचना बमोजिम प्रस्ताव पेश गर्ने प्रस्तावदाताले अनुसूची ४ बमोजिमको कार्ययोजना पेश गर्दा परियोजनाको कुल पूँजीका आधारमा नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका दुग्ध उत्पादक सहकारीहरुले शेयर खरिद गर्न पाउने गरी कम्तीमा पचास प्रतिशत शेयर निष्काशन गर्नु पर्नेछ ।

> स्पष्टिकरण : यस उपदफाको प्रयोजनको लागि पचास प्रतिशत शेयर भन्नाले परियोजनाको कुल पूँजीमा नगरपालिकाबाट प्राप्त हुने अनुदान रकम घटाई हुन आउने पूँजीको प्रति कित्ता एक सयका दरले हुन आउने कुल शेयर संख्याको पचास प्रतिशतलाई बुझिनेछ ।

(२) परियोजनाको प्रस्ताव पेश गर्दा शेयर निष्काशन गर्ने अवधि समेत उल्लेख गरी पेश गर्नु पर्नेछ ।
(३) उपदफा (२) को व्यवस्था उल्लेख नगरी प्रस्ताव पेश गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिने छैन ।

यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि यस कार्यविधि लागु हुनु भन्दा पहिले सूचना प्रकाशित गरी प्रस्ताव माग गरी प्रस्ताव पेश समेत भई सकेको र सो प्रस्तावमा यस दफा बमोजिम नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका दुग्ध उत्पादक सहकारीहरुले शेयर खरिद गर्न पाउने गरी शेयर निष्काशन गर्ने व्यवस्था

नभएको भए दफा ७ बमोजिम छनौट भएको साझेदार संस्थालाई यस दफा बमोजिम शेयर निष्काशन गर्ने प्रतिवद्धता र कार्यतालिका माग गर्न सकिनेछ । यसरी शेयर निष्काशन गर्ने प्रतिवद्धता र कार्यतालिका प्राप्त भएको अवस्था मात्र साझेदार संस्थासंग दफा ९ बमोजिम सम्झौता गरिनेछ ।

**१३. स्वीकार गर्नु पर्ने :** (१) यस कार्यविधि लागु हुनुपूर्व नगर कार्यपालिकाको कार्यालयबाट सूचना प्रकाशित गरी प्रस्ताव माग भई सकेको अवस्थामा यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भए पछि यसै कार्यविधि बमोजिम छनौट भएको प्रस्तावदाता संस्थाको कार्यसमितिबाट यस कार्यविधिमा उल्लेख भएका व्यवस्था बमोजिम साझेदारी गर्न ईच्छुक भएको भनी निर्णय गरी लिखित सहमती जनाए पछि मात्रै साझेदार संस्थासंग सम्झौता गरिनेछ ।
(२) उपदफा (१) बमोजिमको व्यवस्था यस पछिका वर्षमा लागु हुनेछैन ।

**१४. अनुगमन तथा मूल्याङ्कन :** (१) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको नगरपालिकाले जुनसुकै बेला अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा अनुगमन गर्ने पदाधिकारीले मागेको विवरण देखाउने दायित्व सम्बन्धित साझेदार संस्थाको हुनेछ ।

**१५. बाधा अडकाउ फुकाउने :** यो कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा नगर कार्यपालिकाले फुकाउन सक्नेछ ।

**१६. यसै कार्यविधि बमोजिम भएको मानिने : (१)** यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजीम हुनेछ ।
(२) यो कार्यविधि लागु हुनु भन्दा पहिले नगर कार्यपालिकाको कार्यालयद्धारा सूचना प्रकाशित गरी पर्न आएका प्रस्तावहरुलाई यसै कार्यविधि बमोजिम पर्न आएको प्रस्ताव मानि यसै कार्यविधि बमोजिम मूल्याङ्कन, सिफारिश र छनौट गरिनेछ ।

**१७. संसोधन :** यस कार्यविधिमा संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

छैरहनी नगरपालिकाको स्थानीय राजपत्र

अनुसूची-१
(कार्यविधिको दफा ४ सँग सम्बन्धित)
खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय खैरहनी, चितवन

**प्रस्ताव आव्हनको सूचना**

प्रकाशित मिति : २० / /

खैरहनी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आर्थिक बर्ष २० / को स्वीकृत कार्यक्रम अनुसार खैरहनी नगरपालिका भित्र तोकिएको मापदण्ड पुरा गरेका दुग्ध उत्पादक सहकारी संस्थाले नगरपालिकासंगको लागत साझेदारीमा दुग्धजन्य पदार्थको उत्पादन कार्यक्रम सञ्चालन गर्न ईच्छुक भएमा यो सूचना प्रकाशित भएको मितिले .....दिनभित्र सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र, अनुसूची-३ बमोजिम लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र, अनुसूची-४ बमोजिम कार्ययोजना र अनुसूची-२ अनुसारको आवेदन पेश गर्नु हुन प्रस्ताव आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव छनौटका लागि समावेश नहुने व्यहोरा जानकारी गराईन्छ। थप जानकारीको लागि नगर कार्यपालिकाको कार्यालय वा सम्बन्धित पशु सेवा कार्यालयमा सम्पर्क गर्नु हुन समेत अवगत गराईन्छ।

तपशिल

सम्लग्न राख्नुपर्ने कागजातहरु

(१) संस्था दर्ता प्रमाण-पत्र र नविकरण गरेको प्रमाण-पत्रको प्रतिलिपि
(२) पान दर्ता प्रमाण-पत्रको प्रतिलिपि
(३) गत वर्षको कर चुक्ताको प्रमाण पत्र
(४) नगरपालिकामा व्यवसाय दर्ता र नविकरण गरेको प्रमाण-पत्र
(५) जग्गाधनी दर्ता प्रमाण-पूर्जा र तिरो तिरेको रसिदको प्रतिलिपि
(६) अनुदान कार्यक्रमको आवश्यकता, पुष्ट्याई, प्रतिवद्धता-पत्र
(७) विस्तृत परियोजना प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान
(८) वार्षिक लेखा परिक्षण प्रतिवेदन
(९) कार्यसमितिको निर्णय प्रतिलिपि
(१०) सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
(११) सहकारी संस्थाको अध्यक्ष र सचिव/व्यवस्थापकको नागरिकताको फोटोकपी
(१२) आवेदनका साथ रु. १०००।- को सक्कल रसिद संलग्न राखी रु १०।- को हुलाक टिकट टाँस गरी आवेदन दिनु पर्नेछ।

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

अनुसूची-२
(दफा ५ सँग सम्बन्धित)
**प्रस्ताव पेश गर्न दिइने निवेदन**

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
खैरहनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल ।

विषयः प्रस्ताव पेश गरिएको बारे ।

महोदय,
त्यस कार्यालयले मिति २० / / गते प्रकाशित सूचना बमोजिम साझेदारीमा दुग्धजन्य उद्योगको स्थापनाको लागि प्रस्ताव आव्हान गरे अनुसारको कार्यक्रममा यस संस्था सहभागी इच्छुक भई तपसिल अनुसारको कागजात यसै साथ संलग्न गरी आवश्यक कारवाहीको लागि निवेदन पेश गरेका छौं ।

प्रस्ताव पत्रसाथ संलग्न गरिएका कागजातहरुः

(१) संस्था दर्ता प्रमाण-पत्र र नविकरण गरेको प्रमाण-पत्रको प्रतिलिपि
(२) पान दर्ता प्रमाण-पत्रको प्रतिलिपि
(३) गत वर्षको कर चुक्ताको प्रमाण पत्र
(४) नगरपालिकामा व्यवसाय दर्ता र नविकरण गरेको प्रमाण-पत्र
(५) जग्गाधनी दर्ता प्रमाण-पूर्जा र तिरो तिरेको रसिदको प्रतिलिपि
(६) अनुदान कार्यक्रमको आवश्यकता, पुष्ट्याई, प्रतिवद्धता-पत्र
(७) विस्तृत परियोजना प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान
(८) वार्षिक लेखा परिक्षण प्रतिवेदन
(९) कार्यसमितिको निर्णय प्रतिलिपि
(१०) सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
(११) सहकारी संस्थाको अध्यक्ष र सचिव/व्यवस्थापकको नागरिकताको फोटोकपी
(१२) आवेदनका साथ रु. ५००।- को सक्कल रसिद सम्लग्न राखी रु १०।- को हुलाक टिकट टाँस गरी आवेदन दिनु पर्नेछ ।

सहकारी संस्थाको नाम : जिम्मेवार पदाधिकारीको

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

ठेगाना :
संस्थाको छाप :

नामथर :
पद :
हस्ताक्षर :
मिति:

अनुसूचि-३
(दफा ५ सँग सम्बन्धित)

**लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
खैरहनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल ।

विषयः लागत साझेदारी गर्ने प्रतिवद्धता जाहेर गरिएको बारे ।

महोदय,
त्यहाँ कार्यालयले मिति २० / / गते प्रकाशित सूचना बमोजिम साझेदारीमा दुग्धजन्य उद्योगको स्थापनाको लागि प्रस्ताव आव्हान गरे अनुसार हाम्रो संस्थाले कार्यक्रम कार्यान्वयनको लागि प्रस्तावित कुल लागत रु.......................... मध्ये नगरपालिकाबाट विनियोजित रकम रु. ....... बाहेक हुन आउने बाँकी रकम रु.........................(अक्षरुपी ............................................... रुपैया मात्र) हाम्रो संस्थाकै आन्तरिक श्रोत तथा शेयर निष्काशनबाट ब्यहोर्ने गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने हाम्रो संस्थाको निर्णय अनुसार लागत साझेदारी गर्ने प्रतिवद्धता जाहेर गर्दछौं ।

सहकारी संस्थाको नाम :
ठेगाना :
संस्थाको छाप :

जिम्मेवार पदाधिकारीको
नामथर :
पद :
हस्ताक्षर :
मिति:

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

अनुसूचि-४
(दफा ५ सँग सम्बन्धित)
प्रस्तावित कार्ययोजना

| प्राविधिक प्रस्ताव: | | |
|---|---|---|
| १ | प्रस्ताव पेश गर्ने संस्थाको नाम | |
| २ | ठेगाना | |
| ३ | प्रस्तावित कार्यक्रमको नाम | |
| ४ | कार्यक्रम कार्यान्वयन हुने स्थलको ठेगाना | |
| ५ | संस्थाको सम्पर्क टेलिफोन नं., मोबाइल नं | |
| ६ | संस्थाको email address | |
| ७ | सहकारी संस्थाको दर्ता नं. | |
| ८ | संस्था दर्ता भएको निकाय र दर्ता मिति | |
| ९ | सहकारी संस्था स्थापना पश्चातको अवधी ( वर्षमा) | |
| १० | पान दर्ता नं. | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| १२ | कार्य सम्पन्न गर्ने अवधी | |
| १३ | लगानी व्यहोर्ने स्रोतहरु : | |
| | (क) संस्थाको आन्तरिक श्रोतबाट व्यहोर्ने रकम रु. | |
| | (ख) नगरपालिकास“ग माग गरेको रकम रु. | |
| | (ग) शेयर निष्काशनबाट व्यहोर्ने रकम रु. | |
| १४ | (क) संस्थाले हाल संकलन गरेको दुध ( लिटरमा) | |
| | (ख) अन्य सहकारीबाट संकलन हुन सक्ने दुध( लिटरमा) | |
| | (ग) संस्थाले हाल बिक्रि गरी रहेको दुध ( लिटरमा) | |
| | (घ) दुध बाहेक अन्य दुग्धजन्य पदार्थ उत्पादनको लागि उपलब्ध हुन सक्ने दुध ( लिटरमा) | |
| १५ | प्रस्तावित कार्यक्रमको उद्धेश्य : | |
| क | | |
| ख | | |

उल्लेखित सम्पूर्ण बिवरणहरु ठिक साचो हो, झुठो ठहरेमा कानुन बमोजिम सजाँय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछौं ।

सहकारी संस्थाको नाम :
ठेगाना :
संस्थाको छाप :

जिम्मेवार पदाधिकारीको
नामथर :
पद :
हस्ताक्षर :
मिति:

अनुसूचि-५

(दफा ६ सँग सम्बन्धित)

## साझेदार संस्थाको छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु

| क्र. सं. | द.नं. | आवेदक संस्थाको नाम | ठेगाना | संस्था दर्ता भएको अवधि (१५ अंक ) | दैनिक दुध संकलन परिमाण लिटर (१५ अंक ) | अभिलेख व्यवस्थापन (१० अंक ) | हाल दैनिक दुग्ध जन्य पदार्थ निर्माण लिटर (१५ अंक ) | कुल लगानी (१५अंक ) | कुल लगानीमा शेयर निष्काशनबाट व्यहोर्ने प्रतिशत (१५ अंक) | गत आ.व.को मूनाफा (१५ अंक) | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | |

अनुसूची – ६

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

खैरहनी नगर कार्यपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र खैरहनी नगरपालिका वडा नं. .. मा सञ्चालीत श्री............................ ........... (यस पछि दोश्रो पक्ष भनिने) बीच लागत साझेदारीमा दुग्धजन्य पदार्थ उत्पादन उद्योगको स्थापना तथा सञ्चालन सम्बन्धमा भएको,

**द्विपक्षिय सम्झौता पत्र**

खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चितवन, वागमती प्रदेश, नेपालको आ.व.२० / को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत मिति २० / / गते प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये मूल्याङ्कन तथा सिफारिश समितिको सिफारिश अनुसार मिति २० / / को कार्यपालिकाको बैठकबाट ........................................ को प्रस्ताव छनौट भएको हुँदा तपशिल अनुसारका शर्तहरुको अधिनमा रही दुबै पक्ष साझेदारीमा दुग्धजन्य उद्योगको स्थापना कार्यक्रम सञ्चालनका लागि सहमत भएकोले द्विपक्षिय सम्झौता गरी एक/एक प्रति बुझिलियौं/दियौं ।

**शर्तहरु :**

१. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव अनुसारको ड्रईङ्ग, डिजाईन र लागत अनुमान अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

२. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी ड्रईङ्ग, डिजाईन लगायत परियोजनाको लागत अनुमान नेपाल ईन्जिनियरीङ्ग परिषदमा दर्तावाला प्राविधकबाट प्रमाणीत गर्नु पर्नेछ । सो कार्य दोश्रो पक्षले गर्नु पर्नेछ । कार्यक्रमको सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सवै प्राविधिक कार्यहरु र परियोजनाको लागि आवश्यक जग्गाको व्यवस्था दोश्रो पक्षले गर्नेछ ।

३. दोश्रो पक्षले सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथमपक्ष समक्ष निवेदन पेश गर्नेछ । यसरी भुक्तानीका लागि पेश गरे पश्चात प्राविधिक प्रतिवेदनका आधारमा प्रथम पक्षको नगरसभाले बिनियोजन गरेको बजेटको परिधि भित्र रही दोश्रो पक्षको बैंक खातामा अनुदान रकमको भुक्तानी प्रथम पक्षले दिनेछ ।

४. प्रथम पक्षले दफा ३ बमोजिम भुक्तानी गर्दा ३ प्रतिशत कन्टेन्जेन्सी वापतको रकम कट्टा गरी दोश्रो पक्षलाई भुक्तानी गर्नेछ ।

५. प्रस्तावीत परियोजनाको लागि लाग्ने बाँकी रकमको व्यवस्था दोस्रो पक्षले आन्तरिक स्रोतबाट र शेयर निष्काशनबाट व्यहोर्नु पर्नेछ ।

६. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

७. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा कार्यक्रम सञ्चालन अवधिभर अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा योजनाको लागत विवरण, नगरपालिकाको लागानी रकम स्पष्ट रुपले देखिने गरी सूचना पाटी राख्नु पर्नेछ ।

८. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

९. दोश्रो पक्षले स्वीकृत रकम प्रस्तावीत कार्यक्रममा बाहेक अन्य शिर्षकमा खर्च गर्न पाउनेछैन । पहिलो पक्षले निरीक्षणको क्रममा वा दुरुपयोग गरेको उजुरी परी छानविन गर्दा दुरुपयोग गरेको ठहरिएमा

प्रथम पक्षले तत्काल सम्झौता रद्द गरी प्रथम पक्षको लगानी बराबरको रकम सरकारी बाँकी सरह असुल गरी प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ ।

१०. दफा ९ बमोजिम सम्झौता रद्द भएतापनि सोही दफा बमोजिम असुल गर्नु पर्ने रकमको हकमा त्यसरी सम्झौता रद्द भएकै कारणबाट कुनै बाधा पर्नेछैन ।

११. दोस्रो पक्षले परियोजनाको सम्पूर्ण आर्थिक कारोबारको लेखा दोहोरो श्रेस्ता प्रणालीका आधारमा अलग्गै राख्नु पर्नेछ । सोको नियमानुसार लेखापरीक्षण गराउने दायित्व पनि दोस्रो पक्षको हुनेछ । यस दफा बमोजिम परियोजनाको आर्थिक कारोबारको लेखापरीक्षण गराए पछि लेखापरीक्षण प्रतिवेदन नगरपालिकामा पेश गर्ने कतर्व्य दोस्रो पक्षको हुनेछ ।

१२. दोश्रो पक्षले कम्तिमा चौमासिक अवधिमा कार्यक्रमको प्रगति, उपलब्धी एवम् कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१३. कार्यक्रम सञ्चालनका सिलसिलामा कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा यस कार्यविधिको प्रतिकुल नहुने गरी दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

१४. यस सम्झौतामा उल्लेख भएका कुरामा यसै बमोजिम र यसमा उल्लेख हुन छुट भएका कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

| **दोश्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्थाको नाम : | कार्यालय : |
| संस्थाको छाप : | कार्यालयको छाप : |

*रोहबर*

| | |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्थाको नाम : | कार्यालय : |
| संस्थाको छाप : | कार्यालयको छाप : |

इति सम्बत् ……………… साल ………… महिना ………… गते रोज ………. शुभम् ।

कैलहनी नगरपालिकाको स्थानीय राजपत्र